| ऐन संख्या:- | |
|---|---|

# भोटखोला गाउँपालिकाको आर्थिक ऐन,

# २०८१

| | |
|---|---|
| सभाबाट स्वीकृत मिति :- | २०८१/०३/१० |
| तेस्रो संशोधन | २०८१/०३/१० |

भोटखोला गाउँपालिका
संखुवासभा जिल्ला
कोशी प्रदेश

सहना लामा
उपाध्यक्ष

**प्रस्तावनाः**

भोटखोला गाउँपालिकाकोअर्थ व्यवस्थालाई मजबुद पारी भविष्यमा दिगो आर्थिक विकास गर्नका निमित्त एकिकृत सम्पति कर, स्थानीय कर, शुल्क,दस्तुर र जरिवानासमेतसंकलन गर्न, छुट दिन तथा अन्य आय सङ्कलनको प्रशासनिक ब्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा (२)र धारा २३० तथा स्थानीय तहको सेवा सञ्चालन तथा ब्यवस्थापन सम्बन्धी आदेश २०७४ को खण्ड (ङ) बमोजिम भोटखोलागाउँ सभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः-** (१) यस ऐनको नाम **"भोटखोलागाउँपालिकाको आर्थिक ऐन, २०८१"** रहेको छ।

(२) यो ऐन २०८१।०४।०१गतेदेखि नै भोटखोला गाउँपालिका क्षेत्र भित्र लागू हुनेछ।

२. **सम्पति करः-** भोटखोला गाउँपालिका क्षेत्रभित्र अनुसूचि (१) बमोजिम घरजग्गा कर (एकिकृत सम्पत्ति कर)लगाइ असूल उपर गरिनेछ।सामान्यता आ.व. ०८१/०८२ मा दरहरुको संशोधन गरिने छैन ।

३. **भूमिकर ( मालपोत)-** यस गाउँपालिका क्षेत्रभित्रअनुसूचि (२) बमोजिम **भूमिकर ( मालपोत)** लगाई असूल उपर गरिनेछ।

४. **घर वहाल करः-**भोटखोला गाउँपालिका क्षेत्रभित्र कुनै ब्यक्ति, संस्था वा निकायले घर, पसल, भवन, सामुहिक बस्ती वा ब्यापारिक भवन, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले वा अन्य कुनै तवरले आम्दानी हुने गरी वहालमा दिएकोमा अनुसूचि (३) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ।

५. **ब्यवसाय करः-** भोटखोला गाउँपालिका क्षेत्रभित्र दर्ता वा ईजाजत प्राप्त गरी स्थापना भएका उद्योग, कुनै ब्यापार, ब्यवसाय वा सेवा र यस्तै प्रकारका जुनसुकै कारोबार गर्ने वा निकायलाई ब्यवसायको प्रकृति,आर्थिक कारोवार, स्थान बिशेष र लगानीका आधारमा अनुसूचि (४) बमोजिम ब्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

६. **बन पैदावर जन्य उत्पादन,जडिबुटी, कवाडी र जीवजन्तु र गिट्टीढुङ्गा बालुवा/माटो करः-**यस भोटखोलागाउँपालिका क्षेत्रभित्र कुनै ब्यक्ति, संस्था वा निकायले खोटो, जडिबुटी, बनपैदावर जन्य उत्पादन, गिट्टीढुङ्गा बालुवा/माटो, बनकस, कवाडी माल,ऊनर अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, खुर,प्वाँख, छाला, दारा/दाँत र अखेटोपहार जस्ता बस्तुको ब्यवसायिक कारोवार गरेवापत अनुसूचि (५) बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ।

तर प्रचलित कानूनले निषेध गरिएकाको हकमा भने उल्लेखित ब्यवस्था लागू हुने छैन।

लाडेन्दर लामा
गा.पा. अध्यक्ष

सहना लामा
उपाध्यक्ष



CamScanner

७. **ट्राभल/ट्रेकिङ्ग, कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, होमस्टे र र्‍याफ्टीङ्ग शुल्कः**- यस गाउँपालिकाले आफ्नो क्षेत्रभित्र ट्रभल/ट्रेकिङ्ग, कायोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग,होमस्टे र र्‍याफ्टीङ्गसेवा वा ब्यवसाय सञ्चालन गरेवारत अनुसूचि (६) बमोजिमको शुल्क लगाइने र असूल उपर गरिनेछ।

८. **पर्यटन शुल्कः**- यस गाउँपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुवाट अनुसूची (७) मा उल्लेखित दरमा पर्यटन शुल्क लगाईने र असुल उपर गरिनेछ।

९. **बहाल बिटौरी शुल्कः**-यस गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा सञ्चालन गरेका वा सार्वजनिक, ऐलानी, पर्ती वा पाटीपौवामा हाटबजार वा पसल वा विशेष मेला पर्व जत्रामा सोही अनुसूचि (८) मा भएको ब्यस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ।

१०. **सवारी साधन करः**- यस गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूचि (९) बमोजिम सवारी साधन कर तथा तोकिएको स्थानमा सवारी पार्किङ्ग शुल्क वा कर लगाइने र असुल उपर गरिनेछ।

११. **मनोरन्जन करः**- गाउँपालिका क्षेत्रभित्र हुने मनोरन्जन ब्यवसाय सेवामा अनुसूचि (१०) बमोजिम ब्यवसाय कर लगाइने र असुल उपर गरिनेछ ।

१२. **विज्ञापन करः**-यस गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि (११) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ।

१३. **सेवा शुल्क, दस्तुरः**-यस गाउँपालिकाले निर्माण, सञ्चालन वा ब्यवस्थापन गरेका अनूसूचि (१२) मा उल्लेखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा ब्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१४. **कर छुटः**- यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका ब्यक्ति, संस्था वा निकायहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन।

१५. **जरिवानाः**- यस गाउँ पालिका क्षेत्रभित्र निषेध गरिएका सार्वजनिक सडक फुटपाथमा ब्यापार ब्यवसाय गर्ने सवारी साधन पार्किङ्ग गर्ने वा जथाभावी फोहरमैला गरी वातावरण प्रदुषित गर्ने तथा प्रचलित कानून बिपरितका कुनै पनि कार्य गरे गराएमा अनुसूचि (१३) बमोजिम जरिवाना असूल गरिनेछ।

१६. **नियम वा कार्यविधि बनाउँन सक्नेः**-यस गाउँपालिकाले यो ऐनमा भएको ब्यवस्थाहरुलाई प्रभावकारीकार्यान्वयन गर्नका लागि आवश्यक नियम तथा कार्यविधिहरु निर्माण लागू गर्न सक्ने छ।

१७. **यसै ऐन बमोजिम भएको मानिने** :यो ऐन जारि हुनुअघि भए गरेका व्यवस्थाहरु यसै ऐन बमोजिम भए गरेको मानिने छ ।

१८. **साविक बमोजिम हुने** : यस ऐनमा उल्लेखित व्यवस्था यसै बमोजिम र उल्लेखित नभएको हकमा साविक बमोजिमर सो नभएमा नेपाल सरकारको नियमानुसारहुनेछ ।

१९. **विविध** : यस ऐनमा उल्लेख नभएको विषाय/क्षेत्रको सन्दर्भमा गाउँकार्यपालिकाको बैठकले निर्णय गरेर दर निर्धारण गरिने छ ।



CamScanner

२०. **बाँझिएको हदमाः-** संविधान बमोजिम संघ तथा प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा ब्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ। यस ऐनसँग बाझिएमा बाझिएको हदसम्म स्वतः खारेज हुनेछ।

सहना लामा
उपाध्यक्ष



CamScanner

अनुसूचि-१

**घरजग्गा कर (एकिकृत सम्पति कर)**

एकिकृत सम्पति करको मुल्यंकनको आधार:

| सि.नं. | घरको प्रकार | व्यापारिक क्षेत्रमा प्र.व.फिट | आवाशिय क्षेत्रमा प्र.व.फिट | |
|---|---|---|---|---|
| १ | सिमेन्टको जोडाईमा इटा वा ढुंगाको भार वहन क्षमता भएको ग्राहो | ४०।० | २०।० | |
| २. | सिमेन्टको जोडाईमा इटा वा ढुंगाको ग्राहो भएको जस्ता वा टालीको छाना | ३०।० | १५।० | |
| ३. | काठको खम्बा र इटाले घेरेको वा जस्ताको वारा र छाजा भएको, जस्ता वा टालीको छाना भएको घर | २०।० | १०।० | |
| ४. | काठैकाठबाट बनेको जस्ताको छाना भएको घर | १५।० | ७५।० | |
| ५. | बासको बेरा भएको टिन वा टाली वा खरको छाना भएको घर | १०।० | ५।० | |
| ६. | ढुंगा वा ईटाको पर्खाल प्रति रनिङफिट रु. | ५।० | ३।० | |

| करयोग्य सम्पत्तिको मूल्य | दर रु.(वार्षिक) |
|---|---|
| एक लाख भन्दा माथि १० लाख सम्मको प्रति लाख थप | १०।०० |
| दश लाख माथि २० लाख सम्मको प्रति लाख | १५।० |
| वीस लाख भन्दा माथि ३० लाख सम्मको प्रति लाख | २०।० |
| तीस लाख भन्दा माथि ४० लाख सम्मको प्रति लाख | २५।० |
| चालिस लाख माथिपचास लाख सम्मको प्रति लाख | ३०।० |
| पचास लाख माथि ६० लाख सम्मको प्रति लाख | ३५।० |
| ६० लाख माथिसत्तरी लाख सम्मको प्रति लाख | ४०।० |
| सत्तरी लाख माथिअसी लाख सम्मको प्रति लाख | ५०।० |
| असी लाख नव्वे लाख सम्मको प्रति लाख | ६०।० |
| नव्वे लाख माथि एक करोड सम्मको प्रति लाख | ७०।० |
| एक करोड देखी माथि एक करोड पचास लाख सम्मको प्रति लाख | ८०।० |
| एक करोड पचास लाख देखी दुई करोड सम्मको प्रति लाख | १२५।० |
| दुई करोड माथि २ करोड ५० लाख सम्मको प्रति लाख | १७५।० |
| २ करोड ५० लाख माथि ३ करोड सम्मको प्रतिलाख | २५०।० |
| तिन करोड माथि चार करोड सम्मको प्रतिलाख | ३५०।० |
| चार करोड एक देखी पाँच करोड सम्मको प्रतिलाख | ४५०।० |
| पाँच करोड एक देखी माथि प्रति लाख | ८००।० |

लाङबहादुर लामा
गाउँपालिका अध्यक्ष

सहना लामा
उपाध्यक्ष

# जग्गाको प्रतिरोपनि न्युनतम मूल्याङ्कन दररेट

| क.स | जग्गाको विवरण | आ.व.२०८१/०८२ को करको दर रेट |
|---|---|---|
| १. | मोटरबाटोले छोएको वा पछि खोलिएको कृषि सडक अन्तंगत खोलिएको शाखा मोटरबाटोले छोएको प्रति रोपनि | २०००००।- |
| २ | माथि उल्लेखित क्षेत्र बाहेकको जग्गालाई खेति योग्य जमिन मानी मूल्याङ्कन तपशिल अनुसार हुनेछ। | |
| क | अब्वल | १३०००० |
| ख | दोयम | १२०००० |
| ग | सिम | ११०००० |
| घ | चाहार | १००००० |

यसमा ब्यवस्था भएको मुल्याङ्कन दर यसै बमोजिम र गत आ.ब.हरुको हकमा समेत यसै मुल्याङ्कन दरको आधारमा कर निर्धारण गरिनेछ।

आ.ब.२०८१/०८२ को असोज मसान्तसम्ममा कर दाखिला गर्ने करदाताहरुलाई कुल कर रकमको १० प्रतिशत छुट गरिनेछ।

१. भोटखोला गाउँपालिका क्षेत्रभित्र एक ब्यक्तिको नाममा दर्ता भएको घर तथा जग्गाहरु समेतलाई एक यूनिट मानि कर निर्धारण गरिनेछ।

२. घर जग्गा मुल्याङ्कनको लागि जग्गाको क्षेत्रफल १ रोपनी सम्म भएमा सम्पूर्ण जग्गा घरजग्गा कर निर्धारणमा समावेश गर्ने सो भन्दा बढि क्षेत्रफल भएको हकमा भवन वा घरले चर्चेको क्षेत्रफलको दुई गुणासम्मको जग्गामात्र मुल्याङ्कनमा समावेश गरी कर निर्धारण गरिनेछ।

३. जुनसुकै प्रकारबाट घर जग्गाको हक हस्तान्तरण हुँदा गाउँपालिकाले गरेको मुल्याङ्कन भन्दा लिखतको मुल्य घटी गरी कर निर्धारण गरिने छैन। गाउँपालिकाले गरेको मुल्याङ्कन भन्दा बढी भएको खण्डमा नगर सभाले स्वीकृत गरेको दरको आधारमा घरजग्गाको मुल्याङ्कन गरी कर निर्धारण गरिनेछ।

४. भवन निर्माणको स्थलगत अवस्थालाई आधारमानी घरजग्गा कर निर्धारण गरिनेछ। घरजग्गा कर निर्धारण गर्दा देहायमा उल्लेखित कागजातहरु सम्लग्न गर्नु पर्नेछः-

क. जग्गाधनी दर्ता प्रमाण पूर्जा-१

ख. नापी नक्साका प्रतिलिपि-१

ग. दर्तावालाको नागरिकताको प्रमाणपत्र-१

घ. कुनै निकायबाट प्राप्त भएका विशेष प्रकारका निस्सा वा प्रमाण भएमा सो को प्रतिलिपि कागजहरु-१

५. भवन निर्माणको स्थलगत अवस्थालाई आधारमानी घरजग्गा कर निर्धारण गरिनेछ।

पाङछेदर लामा
गा.पा अध्यक्ष

सहना लामा

भोटखोला गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय

# अनुसूचि-२

भोटखोला गाउँपालिकाले आ.व. ०८१/८२ मालपोत/भूमिकर प्रतिरोपनि तपशिल बमोजिमका दररेट अनुसार असुलि गर्नेछ ।

**१ देखि १० रोपनि सम्म**

| किसिम | अब्वल | दोयम | सिम | चाहार |
|---|---|---|---|---|
| खेत | २०० | १५० | १०० | ५० |
| पाखाबारी | २०० | १५० | १०० | ५० |

**१० देखि ७५रोपनि सम्म**

| किसिम | अब्वल प्रती रोपनी | दोयम प्रती रोपनी | सिम प्रती रोपनी | चाहार प्रती रोपनी |
|---|---|---|---|---|
| खेत | १२ | १० | ८ | ६ |
| पाखाबारी | १२ | १० | ८ | ६ |

**७५ रोपनी देखि माथि जतिसुकै रोपनि भए पनि**

| किसिम | अब्वल | दोयम | सिम | चाहार |
|---|---|---|---|---|
| खेत | ३० | २५ | २० | १५ |
| पाखाबारी | ३० | २५ | २० | १५ |

वाङछेंदर लामा
गा.पा. अध्यक्ष

सहना लामा
उपाध्यक्ष

## अनुसूचि-३

## घर जग्गा वहाल करको दर रेट

भोटखोला गाउँपालिका क्षेत्रभित्र कुनै ब्यक्ति, संस्था वा निकायले घर, पसल, भवन, सामुहिक बस्ती वा ब्यापारिक भवन,ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले वा अन्य कुनै तवरले आम्दानी हुने गरी वहालमा अंङ्कको ३ प्रतिशतका दरले बहाल कर लाग्नेछ। सँगठित संघसंस्था, कम्पनी,कार्यालय वा यसै प्रकृतिका अन्यले बहालमा बसे वापत बहाल रकम बुझाउँदा श्रोतमै अग्रिम बहाल कर कट्टा गरी दाखिला गर्नुपर्नेछ।

**बहाल कर निर्धारण प्रक्रियाः-**

१. बहालमा दिएको मितिलाई आधार त्रैमासिक,अर्ध वार्षिक वा वार्षिक अवधिलाई आधार लिई बहाल कर बुझाउनु पर्नेछ। तर छोटो अवधिको लागि बहालमा लिएको अवस्थामा सोही बमोजिम दिन/महिना गन्ती गरी बहाल कर बुझाउँनु पर्नेछ।

२. बस्ती तथा बजार क्षेत्रको आधारमा भोटखोला गाउँपालिकाकोगाउँ कार्यपालिकाले न्यूनतम बहाल दर तोक्न सक्नेछ।

३. भोटखोला गाउँपालिकाकोगाउँ कार्यपालिकाले निर्धारण गरेको कार्यविधि अनुसार करदाताले स्वंय घोषणा गरेको वा संम्झौतपत्रमा उल्लेख भएको आधारमा बहाल कर निर्धारण गरिनेछ।

४. कम्पनी, संघ संस्था वा कुनै प्रकारको ब्यवसायिक फर्मको हकमा बहाल कर बुझाउने बखत त्यस्ता करदाताहरुको लेखापरीक्षण प्रतिवेदन समेत पेश गर्नु पर्नेछ।

वाङछिंदर लामा
गा.पा. अध्यक्ष

सहना लामा
उपाध्यक्ष

## अनुसूचि-४

## ब्यवसाय करको दर रेट

### पूजीको आधारमा:

१. व्यापारिक वस्तूहरूसित सम्बन्धित व्यवसाय दर्ता तथा नवीकरण:

(क) चुरोट तथा मदिराजन्य पदार्थ, हार्डवेयर र ज्वेलर्स संग सम्बन्धित वस्तुहरुको व्यापार व्यवसाय ( मदिरा र कोल्ड डिंक्स सहितको किराना पसल समेत)

| सि.न | व्यवसायको विवरण | आ.व. ०८१/०८२को लागि | कैफियत |
|---|---|---|---|
| १ | व्यापारिक वस्तूहरु | | |
| क. | सून, चादि खरिद विकि र गहना तयार गरि विक्रि गर्ने पसल | २००० | |
| ख. | मदिरा तथा सूर्तिजन्य बस्तूको थोक विक्रेता | १७०० | |
| ग. | मदिरा तथा सूर्तिजन्य वस्तूको खूद्रा विक्रेता (एक लाख मूनिको) | १०५० | |
| घ | मदिरा तथा सूर्तिजन्य वस्तूको खूद्रा विक्रेता (एक लाख माथिको) | १५०० | |
| ङ | कोक फेन्टा र अन्य साधारण सामान बेच्ने पसललाई | ७५० | |
| च | खाद्यान्न, मदिरा,सूर्तिजन्य वस्तु,कोक फेन्टा र अन्य साधारण सामान बेच्ने पसललाई | २००० | |

(ख) क्यामेरा, टेलीभिजन, मोवाईल, चस्मा लगायतका विद्यूतिय समाग्री (सिडी प्लेयर्स, कम्प्यूटर सामाग्री समेतका व्यवसायहरू)

| सि.न. | विवरण | आ.व. २०८१/०८२का लागि |
|---|---|---|
| १. | ५ लाख सम्म | ५००। |
| २. | ५ लाख १ देखि २० लाख सम्म | ८००। |
| ३ | २० लाख १ देखि १ करोड सम्म | १५००। |

(घ) किताव, कापी तथा स्टेशनरी संग सम्बन्धित व्यवसाय (औषधि पसल र किराना व्यवसाय समेतको हकमा)

| सि.न. | विवरण | आ.व. २०८१/०८२का लागि |
|---|---|---|
| १. | ५० हजार सम्म | २००। |
| २. | ५० हजार १ देखि १ लाख सम्म | ३००। |
| ३. | १ लाख १ देखि ३ लाख सम्म | ५००। |
| ४. | ३ लाख १ देखि ५ लाख सम्म | ७००। |
| ५. | ५ लाख १ देखि २० लाख सम्म | ११००। |
| ६. | २० लाख १ देखि २५ लाख सम्म | १५००। |
| ७. | २५ लाख १ देखि माथि | २५००। |

(ङ) कृषिसंग सम्बन्धित व्यवसायको हकमा (कृषि फार्म, गाई पालन, सूंगूर पालन, बाखा पालन व्यवसाय आदी । (कृषि सामाग्री, औजार, मल, विउ, गाई दाना, चोकर, कूखूरा दाना, पशूपंक्षी आहार)

| सि.न. | विवरण | आ.व. २०८१/०८२का लागि |
|---|---|---|
| १. | १ लाखसम्म | २००। |
| २. | १ लाख देखि ३ लाख सम्म | ३००। |
| ३. | ३ लाख देखि ५ लाख सम्म | ५००। |
| ४. | ५ लाख देखि २० लाख सम्म | १२००। |

| | | |
|---|---|---|
| ५. | २० लाख देखि माथी | ३०0०। |

(छ) सुति कपडा, रेडिमेड कपडा आदि व्यवसाय

| सि.न. | विवरण | आ.व. २०८१/०८२का लागि |
|---|---|---|
| १. | १ लाख देखि ३ लाख सम्म | ३००। |
| २ | ३ लाख देखि ५ लाख सम्म | ५००। |
| ३. | ५ लाख देखि १५ लाख सम्म | ८००। |
| ४. | १५ लाख देखि ३० लाख सम्म | १२००। |
| ५. | ३० लाख देखि १ करोड सम्म | २५००। |
| ६. | १ करोड देखि ५ करोड सम्म | ४५००। |
| ७. | ५ करोड देखि माथि | ७०००। |

२. व्यवसायिक सेवा दर्ता तथा नवीकरण:

(ख), छापाखाना, प्रेस, स्क्रिन प्रिन्टर्स, आदि ।

| सि.न. | विवरण | आ.व. २०८१/०८२का लागि |
|---|---|---|
| १. | छापाखाना, प्रेस, स्क्रिन प्रिन्टर्स, आदि | १०००। |

च) अन्य सेवाहरू वा फर्म

| सि.न. | विवरण | आ.व. २०८१/०८२का लागि |
|---|---|---|
| १. | बिमा एजेन्ट विदेशी | ३०००। |
| २. | बिमा एजेन्ट स्वदेशी | २०००। |
| ३. | विज्ञापन ऐजेन्सी | २०००। |

छ) निर्माण व्यवसाय

| सि.न. | विवरण | आ.व. २०८१/०८२का लागि |
|---|---|---|
| १. | श्रेणी क | १००००। |
| २. | श्रेणी ख | ७०००। |
| ३. | श्रेणी ग (भवन निर्माणकर्ता ठेक्केदार समेत) | ५०००। |
| ४ | श्रेणी घ | ६०००। |

आङछेदेर लामा
गा.पा. अध्यक्ष

सहना लामा
उपाध्यक्ष

CamScanner

ज) कूटानी पिसानी व्यवसायहरूको हकमा

| सि.न. | विवरण | आ.व. २०८१/०८२का लागि | कैफियत |
|---|---|---|---|
| १. | कुटानी तथा पिसानी मात्र | ६००। | |
| २. | कूटानी पिसानी पेलानी | ७००। | |
| ३. | कूटानी पिसानी पेलानी चियरा समेत | ८००। | |
| ४ | कुटानी पिसानी पेलानी चिउरा मसला बेसार | १२००। | |
| ५. | कूटानी पिसानी पेलानी तथा विक्रि वितरण | १५००। | |
| ६ | चीरानी हाते मेशिन (चेन स मेशिन) व्यवसायी | १०००। | |
| ७ | दर्ता प्रमाण | २५०। | |

झ) उत्पादनमुलक उद्योग

क) अर्ध प्रशोधित माल वा खेर गईरहेको माल वा अन्य सामानको प्रयोग र प्रशोधन गरी मालसामान उत्पादन गर्ने व्यवसाय जस्तो: खेर गईरहेको प्लास्टीकबाट सामान निमार्ण गर्ने र फोहोरबाट मल निमार्ण गर्ने व्यवसायको हकमा गाउ कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

ञ) पर्यटन सेवा व्यवसाय

आवास लज होटेल, होमस्टे आदि:

| सि.न. | विवरण | चालू आ.व. को कर | आ.व. २०८१/०८२ का लागि |
|---|---|---|---|
| १. | खाना नास्ताका साकाहारी होटल | | ७००। |
| २. | खाना, नास्ता, मासु र मदिरा विक्रि गर्ने पसललाई | | २०००। |
| ३. | होमस्टेहरुको हकमा | | २०००। |
| ४. | खाना, नास्ता, मासु र मदिरा विक्रि गर्ने होटल र लज तथा खाद्यान्न विक्रि गर्ने पसललाई | | २५००। |

ट) संचार सेवा एफ एम समेत

| सि.न. | विवरण | आ.व. २०८१/०८२का लागि |
|---|---|---|
| १. | १ लाखसम्म | ८००।०० |
| २. | १ लाख देखि २ लाख ५० हजार संम्म | १२००।०० |
| ३. | २ लाख ५० हजार भन्दा माथी | १६००।०० |
| ४. | एफ.एम.रेडियो प्रसारण | २०००।०० |

मोवाईल टावर ठुलो रू १५०००। (बार्षिक) सानोको हकमा १००००।(ठुलो टावर भन्नाले घरको छतमा राखिएका टावरहरूलाई जनाउने छ भने दुई तल्ले घर सम्मको उचाई भएका जमिनमा राखिएका टावरहरूलाई समेत ठुलो टावरको रूपमा लिईने छ ।)

गा.पा. अध्यक्ष

सहनी लामा
उपाध्यक्ष



CamScanner

३.वित्तीय सेवासित सम्बन्धित व्यवसाय दर्ता तथा नवीकरण

| सि.न. | विवरण | आ.व.२०८१/०८२ का लागि |
|---|---|---|
| १. | निजी क्षेत्रद्वारा संचालित व्राणिज्य वैक, विदेशी विमा कम्पनी | १०,०००। |
| २. | वित्तीय कारोवार गर्ने सहकारी वाहेकका संस्थाहरु | ५,०००। |
| ३. | विमा कम्पनी र मनि ट्रान्सफर | ३०००। |
| ४. | १ करोड सम्म कारोवार ( वासालत) भएका सहकारी | १५००। |
| ५. | १ करोड देखी ३ करोड सम्म ( वासालत) भएका सहकारी | २०००। |
| ६. | ३ करोड देखी ५ करोड सम्म ( वासालत) भएका सहकारी | ५०००। |
| ७. | ५ करोड भन्दा माथि ( वासालत) भएका सहकारी | १००००। |
| ८. | अन्य विभिन्न संघ सस्था दर्ता सिफारिस | १५००। |

नोट: बचत तथा ऋणको कारोवार नगरी पूर्णतया कृषिमा आधारीत सहकारीका हकमा वार्षिक शुल्क लिईने छैन । माथि उल्लेखित सहकारीहरुको सम्वन्धमा कुनै सिफारीसगर्नु पर्ने भएमा प्रति सिफारीस रु.५००।० लाग्ने छ ।

४.स्वास्थ्य सेवासित सम्बन्धित व्यवसाय दर्ता तथा नवीकरण

क्लिनिक तथा ल्यावहरु लगायत स्वास्थ्य सेवासंग सम्बन्धित व्यवसायहरु

| सि.न. | विवरण | आ.व. २०८१/०८२का लागि |
|---|---|---|
| १. | ५ लाख सम्मको लागि | १०००। |
| २. | ५ लाख देखि २० लाख सम्म | २५००। |
| ३. | २० लाख देखि १ करोड सम्म | ४०००। |

५. तालिम तथा प्रशिक्षण केन्द्रहरूदर्ता तथा नवीकरण

| सि.न. | विवरण | आ.व. २०८१/०८२ का लागि |
|---|---|---|
| १. | तालिम तथा अनुसन्धान, कम्प्युटर टाईपिङ, लगायत फोटो कपी समेत संचालन भई काम गर्ने हरुको हकमा, कम्प्युटर तथा भाषा प्रशिक्षण, निजी क्षेत्र वाट दिइने शिक्षा सेवा तथा कोचिङ सेन्टरआदि । | १०००। |

६. मर्मत सेवासित सम्बन्धित व्यवसाय दर्ता तथा नवीकरण

| सि.न. | विवरण | आ.व. २०८१/०८२ का लागि |
|---|---|---|
| १. | मोटरसाईकल | ७००। |
| २. | रेडियो घडि टिभी आदि ईलेकक्ट्रोनिक्स सामान | ६००। |

७.अन्य सेवासित सम्बन्धित व्यवसाय दर्ता तथा नवीकरण

| सि.न. | विवरण | आ.व. २०८१/०८२ का लागि |
|---|---|---|
| १. | वैदेशिक रोजगारीमा पठाउने संस्था हाउजिङ कम्पनी | ३,०००। |
| २. | उद्योग, संघसस्था आदिमा स्वदेशको लागि जनशक्ति सप्लाई गर्ने | १,०००। |
| ३. | कलर ल्याव | ५,००। |
| | घरजग्गा खरिद विक्री | ४०००। |

सहना लामा
उपाध्यक्ष

| | | |
|---|---|---|
| ४. | विज्ञापन सेवा, फोटो स्टूडियो | १०००। |
| ५. | ब्यूटी पार्लर, केश श्रृगार, साईनवोर्ड, पेन्टिङ सैलुन, नर्सरी | ५,००। |
| ६. | मासु (खसी, कुखुरा, रागा, बंगुर आदि) खुद्रा विक्रेता | ५,००। |
| ७. | मासु (खसी, कुखुरा, रागा, बंगुर आदि) थोक विक्रेता | १,२००। |
| ८. | पंचेवाजा | निशुल्क |
| ९. | ढुवानी सेवा शाखा भएका | २०००। |
| १०. | ढुवानी सेवा शाखा नभएको | १२००। |
| ११. | खाना मात्र विकी होटल | १०००। |
| १२. | १ मेसिन राखी कपडा सिलाई गर्ने रु ३,००। | थप १ मेसिन बराबर रु ३०० |
| १३. | ग्यास विकी डिलर | ११००। |
| १४. | भाडा वर्तन, जुत्ताचप्पल, कस्मेटिक, मनिहारी, हेल्थ केयर, कृतिम गहना, फेन्सी समेत खुद्रा विकेता | १०००। |
| १५. | भाडा वर्तन,जूत्ताचप्पल, कस्मेटिक, मनिहारी, हेल्थ केयर, कृतिम गहना, फेन्सी समेत थोक विक्रेता | २०००। |
| १६. | डोजर संचालन (स्काभेटर) वार्षिक | १५०००। |

## ८ उद्योग दर्ता तथा नवीकरण:

उद्योग, पाउरोटी उद्योग, बरफ उत्पादन, भुल तथा पर्दा उत्पादन तार जाली उत्पादन गर्ने, काष्ठ उद्योग, चिनी दाना उद्योग, औषधी उद्योग, उत्पादनमूलक उद्योगको डिपो, सौर्य उर्जा उत्पादन, मिश्री, चकलेट उद्योग, पापड चिप्स उद्योग, डोरी, डब्वा, वाल्टीन आदी बनाउने उद्योग, निर्माण उद्योग, खनिज उद्योग, सेलर तथा उर्जा मूलक उद्योग लगायतका उद्योगहरुको हकमा ।

| सि.न. | विवरण | आ.व. २०८१/०८२ का लागि |
|---|---|---|
| १. | ३ लाख सम्म | ३,००। |
| २. | ३ लाख १ देखी ५ लाख सम्म | १,०००। |
| ३. | ५ लाख १ देखी १० लाख सम्म | १,५००। |
| ४. | १० लाख १ देखी २० लाख सम्म | २,०००। |
| ५. | २० लाख १ देखि १ करोड सम्म | ३,५००। |
| ६. | १ करोड १ देखि ५ करोड सम्म | १५,०००। |
| ७ | ५ करोड देखि माथी | ३५,०००। |

नोट : उल्लेखीत व्यवसायको हकमा अन्य निकायलाई गरीने सिफारीस बापतको दस्तुर थप लाग्ने छ । उल्लेखित सिफारीस बापतको दस्तुर तोकिए बमोजिम हुने छ ।

नोट:

१ माथी उल्लेखित किसिम, उपरोक्त शिर्षकमा नपरेको व्यवसाय र उद्योग दर्ता हुन आएमा, व्यवसाय र उद्योगको किसिम हेरी माथीको कर दरमा नघट्ने गरी वार्षिक कर लिई व्यवसाय प्रमाणपत्र दिईने छ ।

२ गाउँपालिकामा दर्ता भई संचालनमा आएका फर्म, पसल, उद्योग आदि लाई बन्द गर्नुपर्दा आवश्यकतानुसार निरिक्षण गरी विगत वर्षको लाग्ने दस्तुर र जरिवाना समेत असुल गरी व्यवसाय बन्द सिफारीस दिईनेछ । र सोको विवरण छुट्टै फायल खडा गरी अध्यावधिक गरी राखिने छ ।

वाङछेदर लामा
गा.पा. अध्यक्ष

सहना लामा
उपाध्यक्ष

३. व्यवसायिक फर्म नामसारी गर्दा रु ५००। राजश्व लिई नामसारी गरीने छ ।

४. गाउँपालिकालाइ आवश्यक परेमा (व्यवसायको किसीम निर्धारण गर्ने सन्दर्भमा) निजको व्यवसायको कारोवारको आन्तरिक राजश्व कार्यालय वा अन्त:शुल्क कार्यालय वाट कारोवार प्रमाणीत विवरण माग गर्न सकिने छ साथै गाउंपालिकाले तोकेको कर्मचारी बाट निरिक्षण गरी निरीक्षण प्रतिवेदनका आधारमा कर तय गरीनेछ ।

५. यस कार्यालयलाई बुझाउनु पर्ने कर, शुल्क र भाडा आदि जस्ता राजस्व बुझाउन वांकी रहेमा गाउँपालिकाबाट प्रदान गरिने सिफारिस लगायतका सेवा प्रवाह वाट बञ्चित गर्न सकिनेछ ।

६. अन्य वांकी करहरुका हकमा ऐन तथा नियमावलीमा तोकिएको परीधिभित्र रही गाउंपालिकाले तोके बमोजिम हुनेछ । बक्यौता व्यवसाय करमा १० प्रतिशत दण्ड जरीवाना तोकिएको छ ।

## अनुसूची (५)

**बन पैदावर जन्य उत्पादन,जडिबुटी, कवाडी र जीवजन्तु र गिट्टीढुङ्गा बालुवा/माटो करको दररेट**

कगाउँपालिकाभित्र उत्पादन भै निकाशी हुने देहायका माल वस्तुमा लाग्ने निकाशी करको न्यूनतम अंक र करको दर रेट:

अ) जडीबुटी

| सि. नं. | विवरण | इकाई | दर रु मा |
|---|---|---|---|
| १. | चिराइतो | प्रति के.जी. | ५/- |
| २ | यार्सागुम्बा | प्रति के.जी. | ५०००/- |
| ३. | अलैचि | प्रति के.जी. | ३/- |
| ४. | सतुवा | प्रति के.जी. | ५/- |
| ५. | सिन्कौलि | प्रति के.जी | २।- |
| ६ | चावो | प्रति के.जी | १।- |
| ७ | मजिटो | प्रति के.जी | ३।- |
| ८ | पिपला | प्रति के.जी | ३।- |
| ९ | धुपि | प्रति के.जी | ३।- |
| १० | भयाउ | प्रति के.जी | २।- |
| ११ | पाखनवेद | प्रति के.जी | १।- |
| १२ | ओखर | प्रति के.जी | १।- |
| १३. | बोझो | प्रति के.जी | १।- |
| १४. | पदमचाल | प्रति के.जी | ३।- |
| १५. | टिमुर | प्रति के.जी | १।- |
| १६. | उल्लेख नभएको अन्य जडीबुटी | प्रति के.जी | ५।- |



लाडछेदर लामा
गा.पा अध्यक्ष

सहना लामा
उपाध्यक्ष

आ) ढुगां गिटि र बालुवा

| सि. नं. | विवरण | इकाई | दर रु मा |
|---|---|---|---|
| १. | भोटखोला गा.पा भित्रका नदीखोलाको ढुगां ,गिटि, बालुवा र रोडा निकासी | प्रति ट्याक्टर | १,५००। |
| २. | सिलाजित | प्रति के.जी | ५।- |

ख) वन पैदावार वस्तुको कर, कानुनले निषेधित बाहेक पशुको हाड सिंङ, छाला र कानुन ले निषेधित बाहेक पंक्षी प्वाँख ठेक्का तर्फको न्युनतम अंक र करको दर

अ) प्रचलित कानुनले निषेधित गरे बाहिकका मरेका वा मारिएका पशुको:-

| सि. नं. | विवरण | इकाई | दर रु मा |
|---|---|---|---|
| १ | हाड | प्रति के.जी | २ ।- |
| २. | सिङ | प्रति के.जी | ३ ।- |
| ३. | खुर | प्रति के.जी | ५ ।- |
| ४. | छाला ठूलो | प्रति गोटा | ७५ ।- |
| ५. | छाला सानो | प्रति गोटा | ५० ।- |
| ६. | चौरिको पुच्छर | प्रति गोटा | ५०।- |

आ) कृषि जन्य पशु तथा चौपाया निकासी तथा चौपाया निकासी ठेक्का तर्फको करको दररेट

| सि. नं. | विवरण | इकाई | दर रु मा |
|---|---|---|---|
| १ | छुर्पी | प्रति के.जी | ५ ।- |
| २. | गाईगोरु | प्रति गोटा | १०० ।- |
| ३. | राँगा भैसि चौंरी | प्रति गोटा | ११० ।- |
| ४. | भेडा, बाखा, खसि बोका | प्रति गोटा | ५० ।- |
| ५. | सुंगुर बंगुर | प्रति गोटा | ५० ।- |
| ६. | अन्य चौपाया | प्रति गोटा | १०० ।- |

इ) वन पैदावार वस्तुको करको दर :-

| सि. नं. | विवरण | इकाई | दर रु मा |
|---|---|---|---|
| १ | नेपाली कागज | प्रति के.जी | १०। - |
| २. | भिर मौरिको मह | प्रति लिटर | १० ।- |
| ३. | काठको खाट | प्रति गोटा | १० ।- |
| ४. | काठको टेवल | प्रति गोटा | ५ ।- |
| ५. | काठको दराज | प्रति गोटा | ५ ।- |

वाङछेंदर लामा
गा.पा. अध्यक्ष

सहना लामा
उपाध्यक्ष

CamScanner

ग) पुन : प्रशोधन गरि पुन: प्रयोगहुन सक्ने देहाय बमोजिमको कवाडी माल सामानमा उठाइने ।

| सि. नं. | विवरण | इकाई | दर रु मा |
|---|---|---|---|
| १ | फलाम | प्रति के.जी | ५ ।- |
| २. | सिल्भरको भाडा | प्रति के.जी | २ ।- |
| ३. | तामाको भाडा | प्रति के.जी | ५।- |
| ४. | काँसको भाडा | प्रति के.जी | ५ ।- |
| ५. | लत्ताकपडा | प्रति के.जी | २ । - |

घ) आफ्नोगाउँपालिकाक्षेत्र भित्र अन्य गाउँपालिका तथा नगरपालिकाहरुबाट तपशिलमा उल्लेखित माल सामानहरु मालबाहक सवारी साधनहरुबाट ल्याए वापतको सेवा शुल्कको दररेट ।

| सि. नं. | विवरण | इकाई | दर रु मा |
|---|---|---|---|
| १ | अलैंची बोकेको मालबाहक टयाक्टर | प्रति टयाक्टर | २०० ।- |
| २. | अन्य मालसामानहरुको | प्रति ट्रक/टयाक्टर | १०० ।- |

सहना लामा
उपाध्यक्ष

## अनुसूची -६

**ट्राभल/ट्रेकिङ्ग, कोयोकिङ, बन्जी जम्पिङ्ग, होमस्टे र र्याफ्टीङ्ग शुल्कको दर रेटः-** भोटखोलागाउँपालिका क्षेत्र भित्र सञ्चालित ट्राभल/ट्रेकिङ्ग, कोयोकिङ,बन्जी जम्पिङ्ग,होमस्टे र र्याफ्टीङ्ग समेतकोशुल्क गाउँपालिकाले तोके बमोजिम हुनेछ।

## अनुसूची -७

**पर्यटन शुल्क**

भोटखोला गाउँपालिकाभित्र पर्यटकीय स्थलहरुको पहिचान गरी त्यस्ता स्थानमा पर्यटक प्रवेश शुल्क वा पर्यटक शुल्क गाउँपालिकाले निर्णय गरीतोकिएबमोजिम हुनेछ।

## अनुसूची (८)

**बहाल बिटौरी शुल्कको दररेट**

भोटखोलागाउँपालिकाभित्रदेहाय बमोजिम वहाल विटौरी शूल्क लगाईनेछ ।

२. ढुंगा माटोको घर प्रति वर्ग फूट रु.२।०

३. काठ वा जस्ताको वेरावाल घर प्रति वर्ग फूट रु.१.५

## अनुसूची (९)

**सवारी साधन करको दररेट**

भोटखोला गाउँपालिका भित्र ठेगाना रहने गरी दर्ता भएका तथा यस गाउँपालिका क्षेत्रभित्र चल्ने सवारी साधनमा वार्षिक रुपमा यस गाउँपालिकाले देहायबमोजिम सवारी साधन कर उठाउँने छः-

१. सवारी दर्ता तथा वार्षिक सवारी कर

| सि न. | विषय | विवरण | आ.व. २०८१/०८२ का लागि | कैफियत |
|---|---|---|---|---|
| १ | | मोटर साईकल स्कुटर लाई वार्षिक | २५० ।- | भोटखोलागाउँपालिका क्षेत्रमा स्थायी बसोवास गर्ने नागरीकको हकमा मात्र वार्षिक सवारी साधन कर लिईने छ भने अन्यका हकमा पटके सवारी साधन कर लिईने छ। भोटखोलागाउंपालिकामा स्थायी बसोबास गर्नेका हकमा वार्षिक सवारी कर लिए पछि पटके सवारी कर लिईने छैन। |
| | | ट्याक्टर,ट्रक,क्रेन, डोजर, रोड रोलर, | ३०००। | |
| | | निजिकार, जिप, डेलिभरि भ्यान | ११००। | |

२.गाउँपालिकाले लगाउने पटके सवारी कर

| सि.न. | विवरण | आ.व. २०८१/८२ का लागि |
|---|---|---|
| १ | निजी तथा भडाका बस, ट्रक, टयाक्टर, लहरीमा प्रति पटक | ५०। |

| | | |
|---|---|---|
| २ | निजी तथा भाडाका कार, जीप, भेन प्रतिपटक | २५। |

नोट: सरकारी गाडीहरु, कुटनैतीक नियोगका गाडीहरु, दमकल र एम्बुलेन्समा पटके सवारी कर लिन नपाईने ।

### ३. सवारी पार्किङ्ग शुल्क

सवारी पार्किङ स्थान गाउँपालिकाले तोके बमोजिम हुनेछ ।

## अनुसूची (१०)

**मनोरञ्जन करको दररेट**

२. सांकृतिक प्रदर्शन हल, नाच घर, दोहोरी संगीत तथा अन्य मनोरञ्जन सामाग्रि प्रदर्शनिमा गाउँपालिकाले तोके बमोजिम हुनेछ।

३. जादु, सकर्श, चटक र मेला आयोजना स्थलमा मनोरञ्जन कर वापत अनुमतिका लागि गरीने सिफारीसका दस्तुर गाउँपालिकाले तोके बमोजिम हुनेछ।

## अनुसूची (११)

**विज्ञापन करको दररेट**

भोटखोलागाउँपालिका क्षेत्र भित्र हाल व्यवसायी हिसाबमा कूनै पनि व्यवसायिक प्रतिष्ठानहरु विज्ञापनकोलागि पूग्ने सम्भावना न्यून रहेको हुदा स्थान र आकार हेरि आवश्यकताका आधारमा प्रति फूटको हिसावले गाउँपालिकाले निर्णय गरि तोक्न सक्ने छ ।

...छेदर लामा
गा.पा अध्यक्ष

सहना लामा

## अनुसूची (१२)

**सेवा शुल्कको दररेट**

भोटखोलागाउँपालिकाक्षेत्र भित्रनिर्माण, सञ्चालन वा व्यवस्थापन गरेका देहायका पूर्वाधार र उपलब्ध गराइने सेवामा सेवाग्राहीबाट देहायबमोजिम शुल्क लगाईनेछः-

१) दस्तुर तर्फ :

क) सिफारीसहरुको हकमा:

| सि.नं | विषय | विवरण | आ.व. २०८१/०८२ का लागि | कैफियत |
|---|---|---|---|---|
| १ | घर र जग्गा सम्बन्धि सिफारीस | जग्गा नामसारी सिफारीस एकमुस्ट | २५०। | |
| | | अपुताली सिफारीस दस्तुर | २५०। | एक रोपनी भन्दा माथि प्रति रोपनि थप रु. २०। |
| | | गाउँपालिकाले मुद्दा मामिला मिलाए वापत दस्तुर | ५००। | |
| | | चार किल्ला सिफारीस | २००। | थप प्रति रोपनि रु.५। एउटै सिफारीसमा फरक ठाउँको जग्गा भए एउटै सिफारीसलाई मान्यता दिने |
| | | निवेदन दस्तुर | ५०। | |
| | | पक्की घर प्रमाणीत | १०००। | |
| | | कच्चीं घर प्रमाणीत | ४००। | |
| | | बसोवास प्रमाणीत | ४००। | |
| | | व्यवसायिक घर कोठा खोल्ने | ७००। | |
| | | आवासिय घर कोठा खोल्ने , घर नामसारी | ४००। | |
| | | हकभोग तथा जोतभोग तथा छुट दर्ता सिफारीस | ३००। | एक रोपनि भन्दा बढिका लागी प्रति रोपनि रु ५०। |
| | | उद्योग सम्बन्धि घरमा आगलागि | १५००। | वीमा प्रयोजनका लागि, अन्यका लागि निशुल्क |
| | | साना घरेलु उद्योगमा आगलागि सिफारीस | ५००। | वीमा प्रयोजनका लागि, अन्यका लागि निशुल्क |
| | | मझौला उद्योगमा आगलागि सिफारीस | १०००। | वीमा प्रयोजनका लागि, अन्यका लागि निशुल्क |
| | | ठूला उद्योगमा आगलागि सिफारीस | १५००। | वीमा प्रयोजनका लागि, अन्यका लागि निशुल्क |
| | | व्यवसायमा लगानी वृद्धि गरि प्रमाण पत्र प्रतिलिपि | ६००। | |
| | | सर्वसाधारणको घर टहरामा | निशुल्क | |

| | | | | |
|---|---|---|---|---|
| | | आगलागि सिफारीस | | |
| | | नक्सा पास किताव दस्तुर | ५००। | लागु भएको अवस्थामा |
| | | संघसंस्थाको वैक खाता खोल्दा | २००। | रु तिन लाख सम्ममा रु ५० सो भन्दा माथि १०००००० सम्ममा रु २०० सो भन्दा वढी रु ३०० |
| | | टेण्डर फाराम बिक्री वापतको रकम | १००० | टेण्डर अनुसार |
| | | नाम, उमेर थर लगायत संसोधन | २०००। | |
| | | पतिपत्नी सम्बन्ध विच्छेद सिफारिस अदालतको निर्णय बमोजिम | १०००। | |
| | | व्यवसाय प्रमाण पत्र दस्तुर | २५०। | |
| | | | | |
| | | टिनको छाना भएको कच्ची घर कायम सिफारीस | २००। | जति क्षेत्रफल भए पनि |
| | | कच्ची घर सिफारीस | २००। | |
| | | तिनपुस्ते खुल्ने सिफारीस | १५०। | |
| २ | नागरीकता सँग सम्वन्धित सिफारीस | नागरीकता प्रमाणपत्र सिफारीस | १००। | |
| | | सर्जिमिन | ५००। | |
| | | नागरीकताको प्रतिलिपी | १००। | |
| | | अंगीकृत नागरीकता | ८००। | |
| | | बैवाहीक अंगीकृत नागरकिता सिफारीस | ८००। | |
| ३ | पंजिकरणसँग सम्वन्धित प्रमाणीत सिफारीस | विवाह प्रमाणीत | १००। | |
| | | जन्म प्रमाणीत | १००। | |
| | | मृत्यु प्रमाणीत | १००। | |
| | | बसाईसराई प्रमाणीत | ५००। | |
| | | अविवाहीत प्रमाणीत | २००। | |
| ४ | व्यक्तिसँग सम्वन्धित सिफारीस | चारीत्रिक एवम् सूचीकृत वर्ग सिफारीस स्थायी बसोवास भएका लागी | १००। | उल्लेखित सिफारीसमा सर्जमिन गर्न परेमा सो को दस्तुर पुन लाग्ने छ। |
| | | चारीत्रिक एवम् सूचीकृत वर्ग सिफारीस भोटखोला गापा मा स्थायी बसोवास नभएको हकमा | ३००। | |
| | | नेपाली पेन्सन पट्ट बहाकका लागि गरेको जुनसुकै सिफारीस | ३००। | |
| | | भारतिय पेन्सन बहाकका लागि जुनसुकै सिफारीस | १०००। | |
| | | अन्य देशका पेन्सन बहाकको हकमा | २०००। | |
| | | कृषि संग सम्वधित सिफारीसको हकमा | २००। | |

पाङ्छेदोर्जे लामा
गा.पा. अध्यक्ष

सहना लामा
उपाध्यक्ष



CamScanner

| | | | | |
|---|---|---|---|---|
| | | बैदेशीक रोजगारीमा मृत्यु हुनेको सिफारीस | निशुल्क | |
| | | व्यवसाय बन्द सिफारीस | ५००। | |
| | | पसल कोठामा आगजनी भएको | निशुल्क | |
| | | नाता प्रमाणीत नेपालीमा | २५०। | |
| | | नाता प्रमाणीत अग्रेजीमा | ५००। | |
| | | सबै प्रकारका अंग्रेजी सिफारीस | ५००। | |
| | | सहुलीयत काठको सिफारीस | २००। | |
| | | अन्य माथि उल्लेख नभएका सिफारीस | ५००। | |
| | | विद्युत सिफारीस | २००। | सकुम्वासी समेतको हकमा । |
| | | प्रमाणपत्रको प्रतिलिपि शुल्क | २००। | |

**ख) अमिनबाट गरीने सबै प्रकारका सिफारीसहरु:**

| सि.नं. | विषय | विवरण | आ.व. २०८१/०८२ का लागि | कैफियत |
|---|---|---|---|---|
| १ | माग निवेदकको आधारमा जग्गा छूट्याउने काम | १ रोपनि सम्मको | ३००। | घर बनाउन /अन्य किचलो परी जग्गा छूट्याउनु परेमा थप रु ३००। |
| | | १ रोपनि देखि माथी ५ रोपनि सम्म | ५००। | |
| | | ५ रोपनि माथी १० रोपनि सम्म | ७००। | |
| | | १० रोपनि माथि २० रोपनि सम्म | १२००। | |
| | | २० रोपनि देखि माथी ३० रोपनि सम्म | १५००। | |
| | | सो भन्दा बढी जति सुकै भएपनि | २५००। | |
| २ | दुरी प्रमाणीत लगायतका अन्य अमिन संग जोडिएका सिफारीसहरु | बैकिङ प्रयोजनका लागी,। | ५००। | |
| | | सर्वसाधारण संग जोडीएका सिफारीस | २५०। | |
| | | किचलो परी आएको हकमा | ७००। | |
| | | माथि उल्लेखीत बाहेकको हकमा | ५००। | |

**ग) उद्योग लगायतका सिफारीसहरू:**

| सि.नं. | विषय | विवरण | आ.व. २०८१/०८१ का लागि | कैफियत |
|---|---|---|---|---|
| १ | उद्योग दर्ता सिफारीस | बरफ उद्योग | ६००। | |
| | | काष्ठ उद्योग | १५००। | |
| | | फर्निचर मात्र | १०००। | |
| | | ग्यारेज | १०००। | |
| | | गाडी मोटर साईकल | ५०००। | |
| | | स्टेशनरी उद्योग | १५००। | |
| | | हल्का पेय पदार्थ | २०००। | |
| | | प्लाष्टीक उद्योग | ५०००। | |
| | | पाउरोटी केक | १०००। | |



सहना लामा
उपाध्यक्ष

| | | | | |
|---|---|---|---|---|
| | | पशु आहार | ५००। | |

(घ) निजी शिक्षण संस्था दर्ता एवम् अन्य कामका लागि सिफारीस:

| सि.नं. | विषय<br>विवरण | आ.व. २०८१/०८२ का लागि | कैफियत |
|---|---|---|---|
| १ | पुर्व प्राथमिक (मन्टेश्वरी) | १०००। | |
| २ | आधारभूत तह | २०००। | |
| ३ | माध्यमिक | ५०००। | |
| ५ | प्राविधिक शिक्षण संस्था | ५०००। | |
| ६ | स्तर बृद्धी सिफारीस | १०००। | |

(ङ) घरबाटो प्रमाणीत (अंशवण्डा, हकछोड्ने (सरकारी प्रयोजनका लागि मात्र) परिवार भित्र नामसारी, बकस, दाइजो आदिको हकमा)

सार्वजनिक अनुदान वा यस्तै प्रकारका अन्य:

| सि.नं. | विषय<br>विवरण | आ.व. २०८१/०८२ का लागि | कैफियत |
|---|---|---|---|
| १ | अंशवण्डा, नामसारी, बकस, दाईजो सिफारिस | ५००। | |
| २ | सार्वजनिक अनुदान सम्वन्धि सिफारिस | २००। | |
| ३ | सर्जमिन मुचुल्का, चारकिल्ला सहितको सिफारिस | १०००। | |

(च) घरनक्सा पास दस्तुर:

| सि. नं. | विषय | विवरण | आ.व. २०८१/०८२ का लागि | कैफियत |
|---|---|---|---|---|
| १ | घर नक्सा पास दस्तुर | १००० बर्गफूट सम्म नक्सा पास गर्दा प्रतिवर्गफूट | २। | |
| | | १००१ वर्गफूट १५०० सम्मको लागि प्रतिवर्गफूट | २.५०। | |
| | | १५०१ देखि २५०० बर्गफूट सम्मको लागि | ३.५०। | |
| | | २५०१ बर्गफूट देखि ४००० बर्गफुट सम्मको लागि | ४.५०। | |
| | | ४००१ बर्गफुट भन्दा माथि जतिसुकै भएपनि | ५.००। | |
| | | पर्खाल प्रति रनिङ्ग फिट | ६। | |
| | | काठको घर वा टाँडे घर प्रति वर्ग फुट | २। | |
| | | भुँईतलामा पक्की दिवाल भइ माथि टीनको छाना भएको प्रतिवर्गफुट | ३.००। | |
| | | अस्थायी टहरा निर्माण | २००। | |
| २ | घर | १००० वर्गफिट सम्मको घर नक्सा नामसारी | ५००। | घर जग्गा धनीको मृत्यु भई प्रर्चलित कानून |



सहना लामा
उपाध्यक्ष

| | | | | |
|---|---|---|---|---|
| | नक्सा नामसारी दस्तुर | | | बमोजिम एका सगोलका परीवारमा नामसारी गर्नु पर्दा निःशुल्क ।- |
| | | १०००१ देखि २००० वर्गफूट सम्मको घर नक्सा नामसारी | ७००। | |
| | | २००१ देखि ३००० वर्गफूट सम्मको घर नक्सा नामसारी | ८००। | |
| | | ३००१ देखि ४००० बर्ग फुट सम्मको | १०००। | |
| | | ४००१ देखि ५००० बर्ग फुट सम्मको | १२००। | |
| | | ५००१ बर्गफुट भन्दा माथि प्रति वर्गफुट | रू. ०.५०। | |
| ३ | घर नक्सा निरीक्षण तथा सर्जमिन दस्तुर | ३००। | गाउँपालिकाले भवन संहिता लागू गरे पछि वा सो पूर्व परामर्शदाता वा छुट्टै कर्मचारीबाट नक्सा र निर्मित घरको भेरीफीकेशन, संहिता पालनाका विषयमा फिल्डमा सहजिकरण गरेवापत छुट्टै तोकिएको दस्तुर लाग्नेछ । | |
| | संस्था दर्ता सिफारीस | ५००। | | |
| | मेला सर्कस अनूमति सिफारीस | १५००। | | |
| | टेलीफोजन जडान सिफारीस | १००। | | |
| | जुनसुकै प्रकारका सरजमिन | ३००। | | |
| | माथि उल्लेख नभएका दस्तुरको हकमा | ३००। | | |
| ४ | नक्सा पास सम्बन्धी प्रमाणपत्रको प्रतिलिपी | ३००। | | |
| | घरको नक्साको प्रतिलिपी | ३००।० | | |
| | अन्य प्रमाण-पत्र | ३००। | | |

छ. अन्य सेवा शुल्क:

| सि न | विषय | विवरण | आ.व. २०८१/०८२ का लागि |
|---|---|---|---|
| १ | | कृषि समूह दर्ता शुल्क तथा नवीकरण शुल्क | दर्ता रु. १२००।- (नवीकरण रु. १०००।-) |
| २ | | जलस्रोत उपभोक्ता समूह दर्ता तथा नवीकरण | दर्ता रु. १५००।-, नवीकरण रु. १०००।- |
| ३ | | डोजर संचालन (प्रति घण्टा तेल सहित) | रु. २४०००।- |
| ४ | | ट्याक्टर संचालन (प्रति टिप) | बाटो तथा दुरीको आधारमा |
| | | | |

सहना लामा
उपाध्यक्ष

## अनुसूची (१३)

### जरिवाना

भोटखोला गाउँपालिका क्षेत्रभित्र निषेध गरिएका सार्वजनिक सडक/फुटपाथमा ब्यापार ब्यवसाय गर्ने सवारी साधन पार्किङ्ग गर्ने वा जथाभावी फोहरमैला गरी वातावरण प्रदुषित गर्ने तथा प्रचलित कानून बिपरितका कुनै पनि कार्य गरे गराएमा गाउँपालिकाले देहायबमोजिमजरिवाना असूल उपर गरिनेछ।

| सि.न. | विवरण | आ.व. २०८१/०८२ का लागि प्रस्तावित | कैफियत |
|---|---|---|---|
| १ | ३५ दिन भित्र दर्ता भएका व्यक्तिगत घटना | निशुल्क | |
| २ | ३५ दिन नाघि दर्ता हुने व्यक्तिगत घटना | रु. २००। | अन्यत्रबाट बसाई सरी आएका र बसाई सर्नुपूर्व अन्यत्र बाटै व्यक्तिगत घटना दर्ता गर्नु पर्नेमा सो नगरी बसाई सरे पछि यस गाउपालिकामा दर्ता हुने व्यक्तिगत घटनादर्ताको हकमा थप रु १५०। |
| | व्यक्तिगत घटना दर्ता प्रतिलिपि शुल्क | रु. ५००।- | |
| | व्यक्तिगत घटना दर्ता अन्य शुल्क | रु २००।- | जरिवाना स्वरुप |
| १० | निशेधित प्लास्टिक प्रयोग गर्नेका हकमा | ५०० देखि १००० सम्म | प्लास्टिक निशेधित क्षेत्र घोषण भए पछि कार्यान्वयन हुने र सो को सूचना स्थानीय रेडियो र पत्रपत्रिका मार्फत जानकारी गराईने छ। |
| ११ | जथाभावि चौपाया छोड्नेका हकमा | प्रतिदिन ५० देखि २०० सम्म | गाई, भैसि, गोरुको रु ५०। जरीवाना र खाना खर्च रु १५० प्रतिदीन। बाछा बाछि र पाडापाडिको हकमा सो को पचास प्रतिशत माथि उल्लेखित बाहेकका चौपायाको हकमा जरीवाना रु १००। र खुराकी १००। प्रतिदिन। |
| १२ | एकीकृत सम्पत्ति कर / मालपोतको हकमा एक बर्ष सम्मको बक्यौताका लागि | १० प्रतिशत | |
| १३ | एकीकृत सम्पत्ति कर / मालपोतको हकमा दुई बर्ष सम्मको बक्यौताका लागि | १५ प्रतिशत | |



सहना लामा
उपाध्यक्ष

| | | | |
|---|---|---|---|
| १४ | एकीकृत सम्पत्ति कर / मालपोतको हकमा दुई बर्ष भन्दा बढि बक्यौताका लागि | २५ प्रतिशत | |
| १५. | व्यवसायको बक्यौता | १० प्रतिशत | ३ बर्ष भन्दा माथिका बक्यौताको हकमा १५ प्रतिशत जरीवाना लाग्नेछ |
| १६ | अन्य दण्ड जरिवाना | | तोकिए बमोजिम लाग्नेछ। |

नोट: कुनै करदाताले गाउँपालिकामा झुट्टा विवरण दाखिला गरि कर छलेको पाइएमा अध्यक्षको आदेशमा रू. १००० देखि रू.२५००० सम्म जरिवाना लाग्ने छ ।

गा.पा. अध्यक्ष

साङ्हला लामा
उपअध्यक्ष



CamScanner